# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, फागुन ३० गते, २०६३ साल (अतिरिक्तांक ६४


## भाग १

### नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसद्ले जारी गरेको तल लेखिएबमोजिमको "नेपालको अन्तरिम संविधान (पहिलो संशोधन), २०६३" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### नेपालको अन्तरिम संविधान, २०६३ को पहिलो संशोधन

प्रस्तावना : नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो संशोधन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (पहिलो संशोधन), २०६३" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा संशोधन : नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि "संविधान" भनिएको) को धारा ३३ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

2639


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(घ१) मुलुकको राज्य संरचनाका सबै अङ्गहरुमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान, अपाङ्ग, पीछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने,"

३. संविधानको धारा ६३ मा संशोधन : संविधानको धारा ६३ को,-

(१) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छ :-

"(३) संविधान सभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेशमा जनसंख्या प्रतिशतको आधारमा कानूनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणाली अनुरुप देहाय बमोजिम निर्वाचित र मनोनयन हुने देहायका संख्याका सदस्यहरु रहनेछन् :-

(क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधान सभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा त्यस्ता जिल्ला र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४क. बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भए बमोजिमको संख्या बराबर निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्य,

(ख) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार खण्ड (क) बमोजिमको सदस्य संख्या बराबर निर्वाचित हुने सदस्य,



२६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(ग) राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा मन्त्रिपरिषद्बाट मनोनयन हुने सत्रजना सदस्य ।"

(२) उपधारा (३) पछि देहायको उपधारा (३क) थपिएको छ :-

"(३क) उपधारा (३) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा सम्वत् २०५६ सालमा तत्काल कायम रहेको प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदाका बखत प्रचलित कानून बमोजिम कायम रहेका प्रशासकीय जिल्लाहरुका निर्वाचन क्षेत्रको संख्यालाई यथावत् राखी हिमाली र पहाडी क्षेत्रमा जनसंख्या वृद्धिको आधारमा निर्वाचन क्षेत्र वृद्धि गरिनेछ र त्यसरी निर्वाचन क्षेत्र निर्धारण गर्दा मधेशको जनसंख्याको प्रतिशतको आधारमा निर्वाचन क्षेत्रको संख्या कम भएका मधेशका प्रशासकीय जिल्लाको निर्वाचन क्षेत्र वृद्धि गरिनेछ ।"

४. संविधानको धारा १३८ मा संशोधन : संविधानको धारा १३८ को,-

(१) उपधारा (१) मा रहेका "लोकतान्त्रिक र" भन्ने शब्दहरुको सट्टा "लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपधारा (३) मा रहेका "राज्यको पुनर्संरचना सम्बन्धी" भन्ने शब्दहरुको सट्टा "राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरुप सम्बन्धी विषयको" भन्ने शब्दहरु राखिएका छन् ।

५. संविधानमा धारा १५४क. थप : संविधानको धारा १५४ पछि देहायको धारा १५४क. थपिएको छ :-

"१५४क. निर्वाचन क्षेत्र निर्धारण आयोग : (१) संविधान सभा सदस्यको निर्वाचन गर्ने प्रयोजनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्न नेपाल सरकारले एक निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गर्न सक्नेछ, जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :-



2632

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सर्वोच्च अदालतबाट सेवानिवृत्त न्यायाधीश - अध्यक्ष

(ख) भूगोलविद् - सदस्य

(ग) समाजशास्त्री वा जनसंख्याविद् - सदस्य

(घ) प्रशासनविद् वा व्यवस्थापनविद् - सदस्य

(ङ) नेपाल सरकारको सेवामा रहेको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत - सदस्य सचिव

(२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति नेपाल सरकारले गर्नेछ ।

(३) निर्वाचन क्षेत्र निर्धारण आयोगको कार्यावधि सो आयोग गठन गर्दाका बखत नेपाल सरकारले तोके बमोजिम हुनेछ र त्यस्तो कार्यावधि आवश्यकतानुसार नेपाल सरकारले थप गर्न सक्नेछ ।

(४) उपधारा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी देहाय बमोजिमको योग्यता नभई कुनै पनि व्यक्ति निर्वाचन क्षेत्र निर्धारण आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त हुन योग्य हुने छैन :-

(क) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको,

(ख) कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र कायम भएको ।

(५) देहायका अवस्थामा निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निजले प्रधानमन्त्री समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा ।

(६) निर्वाचन क्षेत्र निर्धारण आयोगले यस धारा बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ६३ को उपधारा (३) र (३क) को अधीनमा रही त्यस्ता जिल्लाहरुको जनसंख्या र संविधान सभा सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी प्रत्येक जिल्लाको जनसंख्याको आधारमा सो जिल्लाबाट निर्वाचित हुने त्यस्तो सदस्य संख्या निर्धारण गर्नेछ र सो संख्या बराबर संविधान सभाको सदस्यको निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण गर्नेछ ।

(७) उपधारा (६) बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताको आधारमा प्रत्येक प्रशासकीय जिल्लाको सिमाना, भौगोलिक अवस्था, जनसंख्याको घनत्व, यातायातको सुविधा र त्यस्तो जिल्लामा बसोवास गर्ने वासिन्दाहरुको सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनु पर्नेछ ।

(८) उपधारा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो संविधान प्रारम्भ हुँदाका बखत निर्वाचन जिल्लामा कायम रहेका निर्वाचन क्षेत्रभन्दा कम हुने गरी निर्वाचन क्षेत्र निर्धारण गर्न सकिने छैन ।

(९) निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको विषयमा कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन ।

(१०) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रधानमन्त्री समक्ष बुझाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2535

(११) निर्वाचन क्षेत्र निर्धारण आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(१२) निर्वाचन क्षेत्र निर्धारण आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक तथा सुविधा क्रमशः निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त सरह हुनेछ ।

(१३) निर्वाचन क्षेत्र निर्धारण आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।"

प्रमाणीकरण मितिः २०६३।११।३०

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–
गो.हु.द.नं. १६।०६२।६३

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६९६